## *अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुविरुद्ध हुने भेदभाव अन्त्य र निजहरुको उत्थान, विकास र अधिकारको प्रवर्द्धन सम्बन्धी संयन्त्र, २०६८

### पृष्ठभूमिः

नेपालमा गरीबी, अशिक्षा, कुरीति, कुसंस्कार, असमानता र सामाजिक न्यायको अभाव जस्ता कारणहरुले गर्दा समाजमा अल्पसंख्यक र सीमान्तकृत वर्ग खासगरी अपाङ्गता भएका(फरक किसिमले सक्षम) हरु माथि भेदभावका घटनाहरु घट्दै आएका छन् । फलस्वरुप समावेशी एवं न्यायपूर्ण समाजको निर्माणमा बाधा उत्पन्न भएको छ । नेपालको विकासको मूल आधारको रुपमा रहेको समावेशी समाजको निर्माण गर्न सबै वर्गको समान अधिकारलाई प्रवर्द्धन गर्नुपर्ने हुन्छ । तर, अल्पसंख्यक र सीमान्तकृत वर्ग खासगरी अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरु आर्थिक, सामाजिक तथा राजनैतिक विकासको प्रक्रृयाबाट अझै पछाडि रहेका छन् । जबसम्म स्वास्थ्य, शिक्षा , आर्थिक , राजनैतिक तथा प्रशासनिक आदि क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको समानुपातिक सहभागिता हुँदैन, जबसम्म उनीहरुले समानताका आधारमा अवसरहरु पाउँदैनन् तबसम्म दिगो विकास असम्भव छ । अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुमाथि भएका भेदभावकै कारण अन्तर्राष्ट्रिय जगतमा नेपालको छवीमा नकारात्मक असर पर्न सक्नेतर्फ हामी सबै सजग हुनुपर्दछ । नेपाली समाजमा हाल विद्यमान रहेको सवलाङग् र अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिबीचमा हुने भेदभावको अन्त्यका लागि तत्काल ठोस कदम नचाल्ने हो भने समस्याले अझ गम्भीर मोड लिनसक्ने कुरालाई नकार्न सकिदैन।

### भेदभाव विरुद्धको प्रयासः

नेपाल संयुक्त राष्ट्र संघका मानव अधिकारसम्बन्धी सबै महत्वपूर्ण मापदण्डहरुको पक्ष भै सकेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले सवलांग र विकलांगबीचको भेदभाव लगायत सबै किसिमका भेदभावलाई निषेध गरेको छ । नेपालले पहिलो पटक फरक किसिमले सक्षमहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिलाई अनुमोदन पनि गरिसकेको छ । अपाङगहरुको हक संरक्षण र हित प्रवर्द्धनको लागि अपाङग संरक्षण तथा कल्याण ऐन, २०३९ जारी भै कार्यान्वयनमा रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले सबै नेपाली नागरिकको समानताको अधिकारलाई सुनिश्चित गरेको छ । अन्तर्राष्ट्रीय प्रतिवद्धता र राष्ट्रिय कानुनमा उल्लेखित मानव अधिकार सम्बन्धी व्यवस्थाहरुको नियमित अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग कार्यरत छ । यसै गरी नेपाल सरकार भेदभावपूर्ण व्यवहारबाट बढी पीडित हुँदै आएका अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धन गर्न क्रियाशिल रहेको छ । राज्यस्तरमा यस्तो प्रयास हुँदा-हुँदै पनि अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरु अझै पनि भेदभावपूर्ण सामाजिक व्यवहारबाट पीडित हुँदै आएका छन् । नेपालमा राज्यस्तरमा फरक किसिमले सक्षम व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धनको लागि कानुनी र संरचनागत व्यवस्था हुँदा-हुँदै पनि यस्ता व्यक्तिहरुले अझै

कानुन प्रदत्त हक अधिकारको उपयोग गर्न पाएका छैनन् । उनीहरुप्रति असहाय, निसहाय र दयाकोपात्रको मान्यतामा आधारित सामाजिक व्यवहारमा अझै पनि परिवर्तन भएको छैन । जनसंख्याको करिव १०% (प्रतिशत) को संख्यामा

रहेका अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुप्रतिको यो सामाजिक व्यवहार सर्वथा वर्जित हुनुपर्दछ । कुनै पनि किसिमले नागरिकहरुको बीचमा भेदभाव गर्न नपाइने गरी राज्यले निषेध गरिसकेको भएपनि अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुका विरुद्ध हुने भेदभाव र अमानवीय व्यवहारलाई प्रभावकारीढंगबाट नियन्त्रण गर्नको लागि निरन्तरको निगरानी, सजगता र सचेतना आवश्यक हुन्छ । यस परिप्रेक्षमा उपयुक्त संयन्त्र निर्माण गरी ती संयन्त्रहरुको प्रभावकारी परिचालन गर्दै योजनावद्ध रुपमा काम कारवाही अगाडि बढाउनु आवश्यक देखिएको छ ।

नेपाल सरकारले सवलांग र अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिका बीचमा हुने सबै प्रकारका भेदभावको उन्मुलन गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको छ । साथै, शारीरिक अवस्थाका आधारमा समाजमा हुने सबै प्रकारका भेदभावको अन्त्यका लागि नेपाल सरकार क्रियाशिल रहँदै आएको पनि छ । शारीरिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरी अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको अधिकारको सुनिश्चितताका लागि विभिन्न निकायहरुबाट भए गरेका काम कारवाही अनुगमन, सुपरिवेक्षण तथा समन्वय गर्न र यस सम्बन्धमा समय-समयमा सम्बद्ध निकायहरुलाई आवश्यक निर्देश गर्नका लागि निश्चित संयन्त्रको निर्माण गर्न तथा यस्तो भेदभावको अन्त्य र अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको अधिकारको प्रवर्द्धनका लागि समयबद्ध कार्ययोजना बनाई लागू गर्न नेपाल सरकार प्रतिबद्ध छ ।

### संयन्त्रको आवश्यकता र औचित्यः

नेपाल सरकारले विगतदेखि नै सबै प्रकारको भेदभावको अन्त्य गरी समानताका आधारमा समाजमा रहेका अल्प-संख्यक र सीमान्तकृत वर्ग खासगरी अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको स-शक्तिकरण गर्दै समावेशी राज्य निर्माणको सवाललाई प्राथमिकतामा राखी काम गर्दै आएको छ । तर पनि यस समस्याबाट नेपालले उन्मुक्ति पाउन सकेको छैन । शारीरिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरी समानताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न अपरिहार्य भएको छ । यसका लागि निश्चित संयन्त्र निर्माण गरी योजनाबद्ध रुपमा अगाडि नबढ्ने हो भने लक्षित उपलब्धि हासिल गर्न कठिन देखिन्छ । अतः यस प्रकारको भेदभाव अन्त्य र अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको उत्थान, विकास र उनीहरुको अधिकारको संरक्षणको लागि केन्द्र देखि स्थानीय तहसम्म प्रभावकारी संयन्त्रको निर्माण गरी यस्ता संयन्त्रहरुको सक्रियतामा उपयुक्त कार्ययोजना तर्जुमा गरी लागू गर्न आवश्यक भएको छ ।

### उद्देश्यः

- सबलांग र अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुबीचको भेदभावको अन्त्य गर्दै यस्ता व्यक्तिहरुको उत्थान, विकास र उनीहरुको अधिकारको प्रवर्द्धनको लागि केन्द्रदेखि स्थानीयतहसम्म उपयुक्त संयन्त्र निर्माण गर्ने ।
- सबै क्षेत्र र तहमा अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरु मूल प्रवाहीकरण हुने गरी सम्बद्ध सरोकारवाला सबैको सहभागीतामा संयन्त्रले उपयुक्त कार्ययोजनाको प्रारुप तयार गर्ने ।
- शारीरिक सक्षमताका आधारमा हुने भेदभावको अन्त्य र अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको उत्थान, विकास र अधिकारको प्रवर्द्धनको लागि हालसम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दे विद्यमान विभेद, असमानता र बन्चितीकरण निवारणका लागि ठोस तथा व्यवहारिक कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने ।

### संयन्त्रले तयार गर्ने कार्ययोजनामा समावेश गर्नुपर्ने प्रमुख विषयहरुः

- शारीरिक सक्षमताका आधारमा हुने भेदभावको अन्त्य तथा समावेशी विकास सम्बन्धी मुख्य-मुख्य विषयहरु,
- कार्ययोजनाको लक्ष्य, उद्देश्य तथा अवलम्वन गरिने रणनीतिहरु,
- (कार्यक्रम/क्रियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय, सूचकहरु, समय सीमा, अनुमानित बजेट),
  - अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरु विरुद्ध हुने विभेद तथा हिंसा समाधानका लागि कानुनी व्यवस्था, पुनर्स्थापना, सामाजिकीकरण, मनोसामाजिक विमर्श तथा आर्थिक सशक्तिकरण ),
  - बहुपक्षीय भेदभाव (Multiple discrimination) मा परेका वर्गहरु जस्तै अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरु, महिला, विधवा, दलित, परिवारबाट परित्यक्त र वृद्धवृद्धाहरु आदिका लागि विशेष प्राथमिकताका कार्यक्रमहरु,
  - सबै क्षेत्रमा समान सहभागीता तथा समावेशीकरणका लागि विभिन्न उपायहरुको पहिचान ,
  - राजनैतिक र निर्णायक स्थानमा अर्थपूर्ण सहभागिताका लागि अपनाइने उपायहरु,
  - अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको उत्थानका लागि अन्य वर्गसँगको सहकार्य र सहभागिता अभिबृद्धि,
  - आर्थिक स-शक्तीकरण र आर्थिक रुपले स्वावलम्बी गराउने कार्यक्रम (जसले विभेद लयायत अन्य विभिन्न समस्याहरुलाई समाधान गर्दछ),
  - शारीरिक सक्षमता आधारमा खण्डिकृत तथ्यांक Sex, age wise- disaggregated data राख्ने पद्धति तिनको उपयोगका उपायहरु,
  - विद्यमान कानुन र प्रावधानहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमनका तरिका र जवाफदेही गराउने विधिहरुको पहिचान,
  - पीडितले यथासक्य छिटो न्याय र राहत पाउने अवस्थाको सुनिश्चिता,
  - कुप्रथा र कुसंस्कारजन्य हिंसा न्यूनीकरणका लागि व्यापक सचेतना तथा दण्डसहितको कानुनी व्यवस्था र पीडितलाई संरक्षण तथा अपराधीलाई सामाजिक बहिस्कार कार्यक्रमहरु,
- अनुगमन तथा मूल्याङ्कनका विधि तथा जिम्मेवार निकायहरु,
- कार्ययोजनाको समीक्षा तथा पुनरावलोकनको लागि समयसीमा र विधि ।

## संरचनाहरुः

### (क) राष्ट्रियस्तरको संरचना

**(अ) सल्लाहकार समितिः सल्लाहकार समितिको गठनविधि देहाय बमोजिम हुनेछः**

१) संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख पाँच राजनैतिक दलका तर्फबाट अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट तोकिएका पाँचजना सदस्यहरु,

२) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य,

३) गैरसरकारी क्षेत्रमा अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको उत्थानका लागि क्रियाशिल रहेका संघसंस्थाका प्रधानमन्त्रीबाट तोकिएका चारजना ।

**सल्लाहकार समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछः**

- राष्ट्रिय कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयनका लागि विशेषज्ञका हैसियतले नेपाल सरकार तथा केन्द्रीय समितिलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने ।

**आ) केन्द्रीय निर्देशक समितिः**

केन्द्रीय निर्देशक समितिको गठनविधि देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| १. मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २. सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | उपसंयोजक |
| ३. सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४. सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ५. सचिव, कानुन, न्याय , संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ६. सचिव, गृह मन्त्रालय | सदस्य |
| ७. सचिव, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ८. सचिव, शान्ति तथा पुनर्निमाण मन्त्रालय | सदस्य |
| ९. सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| १०. सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ११. सचिव, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य |
| १२. सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| १३. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| १४. सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| १५. सचिव, राष्ट्रिय मानव अधिकार आयोग | सदस्य |
| १६. सचिव, सामाजिक विकास प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

**केन्द्रीय निर्देशन समितिको जिम्मेवारी देहायबमोजिम हुनेछः**

- अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुका विरुद्ध हुने भेदभावको अन्त्य र यस्ता व्यक्तिहरुको उत्थानका निम्ति नीतिगत सल्लाह एवं सुझाव प्रदान गर्ने,
- अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको उत्थानका लागि कार्ययोजना तयारी र कार्यान्वियन समन्वय एवं मूल्याङकनको समग्र जिम्मेवारी बहन गर्ने,
- मुलुकका अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुका विरुद्ध हुने भेदभावको अवस्था र उनीहरुको अधिकारको प्रयोगको सुनिश्चितताको बारेमा नियमित रुपमा अनुगमन गर्ने, गराउने,
- सरकारी वा गैरसरकारी क्षेत्रबाट अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रमहरुको समन्वय र प्रभावकारी कार्यान्वियनको लागि नियमित अनुगमनको व्यवस्था गर्ने, गराउने,
- अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धन तथा सचेतना जगाउने सम्बन्धमा सम्बन्धित निकायहरुलाई आवश्यक निर्देशन दिने,
- अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरुक्षण र हित प्रवर्द्धनका सम्बन्धमा देखापरेका समस्याहरु निराकरण गर्ने,
- यस्ता व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धनका लागि आवश्यक अन्य कार्य गर्ने।

**समितिको बैठक र निर्णयः**

- समितिको बैठक समितिका अध्यक्षबाट निर्धारण गरिएको मिति र समयमा बस्नेछ ।
- समितिको निर्णय सदस्य-सचिवद्धारा प्रमाणित गरी कार्यान्वियनमा लगिनेछ ।

**(इ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अपाङ्ग) लागि समन्वय एकाइः**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सामाजिक विकास महाशाखाअन्तर्गत अपाङ्गता भएका (फरक किसिमले सक्षम) का लागि समन्वय एकाइ स्थापना गरी उक्त एकाइलाई राष्ट्रिय कार्ययोजना सम्बन्धी कार्यहरुको संयोजन तथा शारीरिक सक्षमताका आधारमा हुने भेदभावको अन्त्य सम्बन्धी सल्लाहकार समिति र केन्द्रीय निर्देशक समितिको सचिवालयको समेत कार्य गर्ने गरी जिम्मेवारी तोक्ने । साथै, उक्त एकाईलाई शारीरिक सक्षमताका आधारमा हुने भेदभावसम्बन्धी उजुरी व्यवस्थापनको कार्य समेत गर्ने गरी अख्तियारी दिने ।

## (ख) स्थानीय स्तरको संरचना

### अ) जिल्ला समन्वय समिति

| | |
|---|---|
| १. प्रमुख जिल्ला अधिकारी | संयोजक |
| २. स्थानीय विकास अधिकारी | सदस्य |
| ३. जिल्ला शिक्षा अधिकारी | सदस्य |

| | |
|---|---|
| ४. जिल्ला स्वास्थ्य प्रमुख | सदस्य |
| ५. जिल्ला प्रहरी प्रमुख | सदस्य |
| ६. जिल्ला सरकारी वकिल | सदस्य |
| ७ महिला विकास अधिकृत | सदस्य |
| ८. जिल्ला विकास समिति र गा.वि.स./न.पा. बाट तोकिएका १/१ जना प्रतिनिधि | सदस्य |
| ९. नेपाल बार एशोसिएशनका जिल्ला प्रतिनिधि | सदस्य |
| १०. संयोजकले मनोनयन गरेका जिल्लास्थित अपाङग व्यक्तिहरुको अधिकार तथा सामाजिक क्षेत्रमा क्रियाशिल संघ-संस्थाका प्रमुखमध्ये कम्तीमा ३ जना महिला सहित , ५ जना | सदस्य |
| ११.योजनाअधिकृत,जि.वि.स को कार्यालय | सदस्य-सचिव |

**जिल्ला समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

- शारीरिक सक्षमताका आधारमा हुने भेदभाव विरुद्व जिल्लामा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग, सहजीकरण, कार्यान्वियन स्थितिको अनुगमन र समन्वय गर्ने।
- अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीयस्तरमा प्रचार प्रसार र वकालत गर्ने ।
- अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरक्षण हित प्रवर्द्धनको लागि स्थानीय तहमा देखा परेका बाधा अवरोध निराकरण गर्ने ।
- शारीरिक सक्षमताका आधारमा हुने भेदभावविरुद्धको कानुन कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने।
- अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धनको लागि राष्ट्रियस्तरमा गर्नुपर्ने कार्यको लागि राष्ट्रिय निर्देशक समितिलाई सुझाव र सल्लाह दिने ।
- जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक र अधिकार संरक्षणको लागि छुट्टै डेस्क स्थापना गर्ने व्यवस्था मिलाउने।
- सम्बन्धित जिल्ला विकास समिति, नगरपालिका र गाँउ विकास समितिले अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुका सम्बन्धमा आ-आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित गरतविधिहरुको विषयमा छुटै अभिलेख राख्ने र जिल्ला समन्वय समिति समक्ष नियमित रुपमा प्रतिवेदन दिने व्यवस्था मिलाउने ।
- स्थानीयस्तरमा अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धनको लागि गर्नु पर्ने आवश्यक अन्य कार्य गर्ने ।

**बैठक र निर्णय सम्बन्धी व्यवस्था**

- समितिको बैठक अध्यक्षको आदेशानुसार आवश्यकता अनुसार बस्नेछ।
- समितिको निर्णय सदस्य-सचिवद्धारा प्रमाणित गरी कार्यान्वयनमा लगिनेछ ।

**आ) शारीरिक सक्षमताका आधारमा हुने भेदभाव सम्बन्धी स्थानीय निगरानी केन्द्र**

* स्थानीयस्तर खासगरी गाँउ विकास समिति र नगरपालिकामा निगरानी केन्द्रको  व्यवस्था गरी सल्लाहकार समूह, केन्द्रीय निर्देशक समिति र जिल्ला समन्वय समितिबाट निगरानी केन्द्रले गर्ने भनि तोकिएको जिम्मेवारी निर्वाह गर्ने।

शारीरिक सक्षमताका आधारमा हुने विभेद निवारण गरी समानताका आधारमा समतामूलक समाजको निर्माणका लागि तोकिएका क्रियाकलापहरु सञ्चालन गर्नका लागि जिम्मेवार निकायहरुको पहिचान गर्ने, आवश्यक श्रोत र सामाग्रीको आंकलन गर्ने र समयबद्ध कार्यक्रमहरु निर्माण गरी यसबाट तोकीएका कार्यहरु पूरा गराउनका लागि जिम्मेवार मन्त्रालय/निकायहरुलाई प्रोत्साहित गर्नुको साथै कार्य प्रगति मापन तथा लक्ष्य प्राप्तिमा गरिएको योगदान मापन गर्नका लागि समेत संयन्त्रले मद्दत गर्नेछ । सरोकारवालाहरुको सहभागितामा कार्ययोजना तय गरी सोही अनुसार कार्य सम्पादन गर्न सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै स्थानीय निकायहरु, स्थानीय समुदाय तथा लक्षित समुदायको अपनत्व प्राप्त हुन्छ र कार्ययोजनाको कार्यान्वयन समेत प्रभावकारी हुन जान्छ । यसका लागि अपाङ्गता भएका (फरक किसिमले सक्षम)  व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि,  कार्ययोजनाहरु तथा त्रिवर्षियअन्तरिम योजना २०६७/०७० लाई आधार मान्दै अपाङ्गता भएका (फरक किसिमले सक्षम)  व्यक्तिहरु सम्बन्धमा कार्ययोजना तयार गरी कार्य गर्न संयन्त्रलाई उपयोग गरिनेछ ।

[*] नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।३।२० को निर्णयबाट संशोधित ।